गैडहवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,विष्णुपुरा रुपन्देही

गाउँपालिका स्तरीय स्थानीय तह कर्मचारी संघर्ष समिति

मितिः २०८०/०६/१८

# प्रेस विज्ञप्ति

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई देश वित्तीय एवं प्रशासनिक संघियताको कार्यान्वयनमा गएको लामो समय भई सक्दा पनि देश प्रशासन संचालन गर्ने मियोका रुपमा रहेको निजामती सेवा ऐन हाल सम्म पनि जारी नभएको कुरा सर्वविदितै छ । यसै सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/०५/२१ को बैठकबाट संघीय निजामती सेवा विधेयक २०८० पारित गरी निर्णयार्थ संसदमा पेश गर्ने निर्णय भएको र उक्त विधेयकमा स्थानीय सेवाका कर्मचारीहरुको सेवा सुरक्षा लगायतका विषयमा अस्पष्टता भएकोले स्थानीय तहका कर्मचारीहरुको सेवा सुरक्षा सम्बन्धि विषयलाई समावेश गरी यथासिघ्र निजामती सेवा ऐन जारी गर्न स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले "**प्रशासनिक संघियता पूर्ण कार्यान्वयनको आधार, तिनै तहका कर्मचारीको समान अधिकार**" भन्ने मूल नाराका साथ विभिन्न दवाबमुलक कार्यक्रम संचालन गरिरहेको छ । सोहि दवाबमुलक कार्यक्रम अन्तर्गत केन्द्रीय समितिको निर्णयानुसार मिति २०८०/०६/१९ गते देखि देशभरीकै सम्पूर्ण स्थानीय तहमा अति आवश्यक सेवा बाहेकका अन्य सबै सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालीन पेन डाउन गर्ने कार्यक्रम रहेकोले सो कार्यक्रममा यस गैडहवा गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरुले पूर्ण ऐक्यवद्धता जनाउदै गठित गाउँपालिका स्तरीय संघर्ष समितिको मिति २०८०/०६/१८ गतेको निर्णयानुसार मिति २०८०/०६/१९ गते देखि गाउँकार्यपालिकाको कार्यालय, अन्तर्गतका कार्यालयहरुमा अति आवश्यक सेवा बाहेकका अन्य सबै सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालीन पेन डाउन गरी संघिय सरकारलाई **स्थानीय तह कर्मचारी केन्द्रिय संघर्ष समितिले** राखेको माग सम्बोधन गर्न जोडदार दबाब सहित माग गर्दछौं। सो आन्दोलनमा हामी कर्मचारीहरुलाई साथ तथा सहयोग गरिदिनुहुन अनुरोध गर्दछौ ।साथै आन्दोलनका कार्यक्रमबाट सेवाग्राहीहरुमा पर्न गएको असुविधा प्रति हामी क्षमाप्राप्र्थी छौ ।